# उदयपुरगढी गाउँपालिका

**जिल्ला, उदयपुर, १ नं. प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ३, सङ्ख्याः ४, भागः १, पारित मितिः २०७६ जेष्ठ ३**


# उदयपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम उदयपुरगढी गाउँ कार्यपालिकाको बैठकले यो ऐन बनाएको छ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(१) यो ऐनको नाम उदयपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ रहेको छ।

(२) यो ऐन उदयपुरगढी गाउँपालिकाक्षेत्रभित्र तुरून्त लागू हुनेछ।

## २. परिभाषा

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले उदयपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ।



(ख) “कार्यपालिका” भन्नाले उदयपुरगढी गाउँ कार्यपालिकासम्झनु पर्छ।

(ग) “गाउँपालिका”भन्नाले उदयपुरगढीगाउँपालिका सम्झनु पर्छ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभासम्झनु पर्छ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

## ३. नियम बनाउने अधिकार

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त उदयपुरगढी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ।

## ४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही उदयपुरगढी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ।

**आज्ञाले**
**माधव सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**